दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं, - बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं, - बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

**समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।**

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३८ | अंक २२७ | बुटवल | २०८३ भदौ १२ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday August 28, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


## बाढीबाट मृत्यु हुनेको संख्या साढे तीनसय बढी



बुटवल। भोटेकोसी बाढीमा परी मृत्यु हुनेको संख्या साढे तीन सय जनाभन्दा धेरै पुगेका छन्। बिहीबार साँझसम्म साढे तीन सय जनाभन्दा धेरै शव फेला परेको छ।

नेपाल प्रहरीको पछिल्लो तथ्यांकअनुसार विभिन्न जिल्लाबाट उक्त संख्यामा शव संकलन गरिएको हो।

रसुवामा १७, धादिङमा ३३, गोरखामा ३०, नवलपरासी पूर्वमा २, नुवाकोटमा २, चितवनमा १३२, तनहुँमा २२ र नवलपरासी पश्चिममा १५ जनाको शव फेला परेको प्रहरीले जनाएको छ।

बाढीपछिको विपद्मा हालसम्म २८ जना प्रहरी कर्मचारी सम्पर्कविहीन रहेको पनि प्रहरीले जनाएको छ।

विपद्मा परेकाको खोज तथा उद्धार कार्यमा ४ हजार ३४८ जना प्रहरी कर्मचारी खटिएका छन्।

त्यस्तै, बाढीमा परी घाइते भएका ६३ जनाको काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको जनाइएको छ।

## आठ दलको बैठक, १० बुँदे साझा संकल्प

बुटवल। भोटेकोशी बाढीपछि बसेको सर्वदलीय बैठकले विपद्को समयमा राजनीतिक मतभेदभन्दा माथि उठेर राष्ट्रिय एकता कायम गर्ने प्रतिबद्धता जनाएको छ। बैठकपछि आठ राजनीतिक दलले संयुक्त वक्तव्य जारी गर्दै नागरिकको जीवन रक्षा र राष्ट्रिय हितलाई सर्वोपरि राखी विपद् व्यवस्थापनमा एकजुट हुने घोषणा गरेका हुन्।

आठ दलले विपद्को तत्कालीन उद्धार तथा राहतदेखि दीर्घकालीन पुनर्निर्माण र जोखिम न्यूनीकरणसम्मका विषय समेटेर १० बुँदे साझा सङ्कल्प सार्वजनिक गरेका छन्। उनीहरूले विपद् राहतलाई राजनीतिक प्रतिस्पर्धा र प्रचारको माध्यम नबनाउन तथा दलका नेता, कार्यकर्ता र शुभेच्छुकलाई विशुद्ध मानवीय स्वयंसेवकका रूपमा परिचालन गर्न आग्रह गरेका छन्।

साझा सङ्कल्पमा रास्वपाका सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगन थापा, नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', एमालेका महासचिव शंकर पोखरेल, श्रम संस्कृति पार्टीका ध्रुव राई, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव तथा जनमत पार्टीका चन्दन सिंहले हस्ताक्षर गरेका छन्।

दलहरूले विपद्का नाममा हुने आर्थिक सङ्कलनलाई सरकारी एकद्वार प्रणालीमा ल्याउनुपर्नेमा जोड दिएका छन्। उनीहरूले स्वदेश तथा विदेशमा रहेका नागरिक र शुभेच्छुकलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष वा सरकारले तोकेको आधिकारिक खातामार्फत मात्र सहयोग गर्न आह्वान गरेका छन्।

भत्किएका संरचनाको पुनर्निर्माण गर्दा अझ सुरक्षित र उत्थानशील संरचना निर्माण गर्नुपर्ने तथा विपद्को समयमा कालोबजारी, कृत्रिम अभाव र राहत दुरुपयोग गर्नेविरुद्ध शून्य सहनशीलताको नीति अपनाउनुपर्ने साझा सङ्कल्पमा उल्लेख छ।

### भोटेकोसी बाढी :

# जलवायु परिवर्तनले निम्त्याएको संकट

अनुसन्धानकर्ताका अनुसार हिमतालहरू अहिले 'टाइम बम' जस्तै संवेदनशील अवस्थामा छन्, जो जुनसुकै बेला विस्फोट हुन सक्छन्। नेपालका प्रमुख नदीहरूको ठुलो जलाधार क्षेत्र तिब्बतमा रहेकाले सीमापारि हुने साना वातावरणीय हलचलले पनि नेपालमा सधैँ उच्च जोखिम सिर्जना गरिरहेको हुन्छ।



**टिआर शर्मा**
*बुटवल*

जलवायु परिवर्तन अहिले विश्वकै सबैभन्दा ठूलो चुनौतीका रूपमा देखिएको छ। वातावरण वैज्ञानिकहरूका अनुसार पृथ्वीको तापक्रम लगातार बढ्दै जाँदा मौसमको चक्र असामान्य बन्दै गएको छ, जसले मानव जीवन, पशुपन्छी, वनस्पति र समग्र पर्यावरणमा गम्भीर असर पारिरहेको छ। संयुक्त राष्ट्रसंघ र विश्व स्वास्थ्य संगठनले पनि जलवायु परिवर्तनलाई मानव स्वास्थ्य र जैविक विविधतामाथिको प्रमुख जोखिमका रूपमा औंल्याएका छन्।

यसैको पछिल्लो उदाहरण नेपालको उत्तरी हिमाली क्षेत्रमा आएको बाढी हो। बुधबार बिहान रसुवामा आएको भीषण बाढीले निम्त्याएको मानवीय र भौतिक क्षति जलवायु परिवर्तनको सबैभन्दा क्रूर उदाहरण मान्न सकिन्छ। उक्त बाढीको गति हालसम्मकै तीव्र रहेको विज्ञले बताएका छन्।

बाढी यति तीव्र र शक्तशाली थियो कि त्यसको प्रहारले धुवाँजस्तै मुस्लो उठेको थियो। नेपाल सरकारको जल तथा मौसम विज्ञान विभागका वरिष्ठ विभागीय जलविद् दिनकर कायस्थका अनुसार रसुवागढीबाट १३ किलोमिटर टाढा रहेको स्याफ्रुबेँसी जम्मा १५ मिनेटमा बगाएको थियो। विज्ञहरू नेपालमा भीषण बाढीको गति पनि यसअघिसम्म प्रतिसेकेन्ड ५ मिटरभन्दा बढी नपाइएको बताउँछन्। तर बुधबार रसुवाको टिमुरे र स्याफ्रुबेँसीमा झण्डै १५ मिटर प्रतिसेकेन्ड गति मापन गरिएको मौसम विभागका सूचना अधिकारीसमेत रहेका कायस्थले बताए।

'यो भनेको प्रतिघण्टा ५४ देखि ५५ किलोमिटरसम्को वेग हो। जुन ठाडो खोलाका लागि निकै खतरनाक, विनाशकारी र भयानक हो।'-उनले भने। जबकि नदीमा बाढीको गति ५ मिटरमाथि हुनुलाई नै अत्यन्त खतरनाक मानिन्छ। नेपालमा यति तीव्र गतिको बहाबको रेकर्ड छैन। यो घटना केवल एउटा प्राकृतिक विपद् नभएर हिमाली क्षेत्रमा निरन्तर सिर्जना भइरहेको ठुलो पर्यावरणीय संकटको परिणाम हो। गत वर्ष पनि यही बाढीकै घटना बेहोरेको रसुवा र नेपालका लागि यो पटकको धक्का निकै गम्भीर हो। चीनको तिब्बत क्षेत्रबाट सुरु भई त्रिशूली नदीमा मिसिएको विनाशकारी बाढीको भित्री कारण पहिल्याउन यतिबेला वैज्ञानिक तथा अनुसन्धानकर्ताहरू सक्रिय छन्। चिनियाँ एकेडेमी अफ साइन्समा कार्यरत हिमताल र हिम बाढी जोखिमका नेपाली अनुसन्धानकर्ता नितेश खड्काका अनुसार प्रारम्भिक अध्ययनले नेपाल-चीन सीमा क्षेत्रको तिब्बततर्फको भू-भागमा एउटा ठुलो हिमपहिरो खसेर नदी थुनिएको संकेत गरेको छ।

तिब्बतको जिलोङ काउन्टी अर्थात् केरुङ क्षेत्रमा पर्ने दोङलिङ साङ्पो खोलामा पहिरो खसेर केही समय नदी थुनिएपछि बनेको अस्थायी ताल फुट्दा त्रिशूलीमा अचानक यो प्रलयकारी बाढी आएको अनुमान गरिएको छ। यद्यपि, त्यस क्षेत्रमा साना-साना हिमतालहरू मात्र रहेकाले एउटै मात्र ताल फुट्दा यति ठुलो क्षति हुन सम्भव नहुने हुँदा यो विपद् बहुआयामिक कारणहरूको संयुक्त प्रभाव हुन सक्ने खड्काको विश्लेषण छ।

खड्काका अनुसार बाढीको प्रकृतिलाई भारतको उत्तराखण्डस्थित चामोलीमा सन् २०२१ मा भएको भीषण हिमपहिरोको घटनासँग तुलना गर्न सकिन्छ। सिक्किमको दक्षिण लोनाक ताल फुटेजस्तो ठुलो हिमताल त्रिशूलीको आसपास नभएकाले वर्षायाममा नदी थुनिएर पानीको बहाव घटेको तत्काल थाहा नभएको र पछि त्यो अवरोध एकैपटक खुल्दा तल्लो तटीय क्षेत्रमा विनाशकारी बाढी आएको बुझिन्छ।

तथ्याङ्कीय इतिहासलाई हेर्दा सन् १९५० को दशकदेखि नै विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमालय क्षेत्रमा हिमतालहरू बन्ने र तिनको आकार फैलिने क्रम तीव्र गतिमा भइरहेका छन्। सन् १९८७ देखि २०१७ सम्मको तीन दशक लामो अध्ययनले हिमतालहरूको क्षेत्रफल करिब २५ प्रतिशतले बढेको देखाएको छ। अनुसन्धानकर्ता खड्काका अनुसार यी हिमतालहरू अहिले 'टाइम बम' जस्तै संवेदनशील अवस्थामा छन्, जो जुनसुकै बेला विस्फोट हुन सक्छन्। त्रिशूली, भोटेकोशी, तामाकोशी, मर्स्याङ्दी र अरुणजस्ता नेपालका प्रमुख नदीहरूको ठुलो जलाधार क्षेत्र तिब्बतमा रहेकाले सीमापारि हुने साना वातावरणीय हलचलले पनि नेपालमा सधैँ उच्च जोखिम सिर्जना गरिरहेको हुन्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कले हिमाली क्षेत्रको भयावह अवस्था थप प्रस्ट पार्छ। प्राधिकरणका अनुसार २०६८ देखि २०८२ सालसम्म १४ वर्षको अवधिमा नेपालमा ४५ वटा ठुला हिमपहिरोका घटना अभिलेख गरिएका छन्। यी घटनाहरूमा परेर ६२ जनाले ज्यान गुमाएका छन् भने ३१ जना अझै बेपत्ता छन्। ६४ जना घाइते भएका यी घटनाहरूले हिमपहिरोको संख्या कम देखिए पनि यसले पुऱ्याउने मानवीय क्षति निकै गम्भीर र अपूरणीय रहेको पुष्टि गर्छन्। यस विपद्को प्रभाव पर्वतारोहीहरूमा मात्र सीमित छैन, बरु उच्च हिमाली क्षेत्रमा पुस्तौँदेखि बसोबास गर्दै आएका स्थानीय समुदाय अहिले आफ्नो अस्तित्व जोगाउने सङ्घर्षमा छ।

» बाँकी ३ पेजमा

### 'जलवायु परिवर्तनका कारण प्राकृतिक विपद् बढ्दै'



लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालय वातावरण निरीक्षक निर्मल चौधरी जलवायु परिवर्तनका कारण विश्वभर अत्यधिक गर्मी, अनियमित वर्षा, खडेरी, बाढी, डढेलो, हिमताल विस्फोट, समुद्री सतह वृद्धि र शक्तिशाली आँधीबेहरीका घटना बढिरहेका बताउँछन्।

'नेपालजस्ता हिमाली मुलुकमा हिमनदी तीव्र गतिमा पग्लिनु, मनसुनको ढाँचा परिवर्तन हुनु र प्राकृतिक विपद्का घटना बढ्नु यसको प्रत्यक्ष संकेत हुन्,' चौधरीले भने-'विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान दिए पनि हिमाली मुलुक नेपाल जलवायु परिवर्तनका कारण सबैभन्दा बढी प्रभावित हुने देशहरूमध्ये एक बनेको छ,जलवायु तापमान वृद्धिसँगै यस्ता विपद् झन् बारम्बार र भयानक बन्दै गएका छन्।'

वर्ल्ड वाइल्डलाइफ फन्डका अनुसार नेपालका हिमनदीहरू प्रतिवर्ष १५ मिटरसम्म पग्लिएर खुम्चिँदै गएका छन्। यसले हिमाली भिरालो क्षेत्रलाई अस्थिर बनाउनुका साथै जोखिमयुक्त जलासयहरू निर्माण गरिरहेको छ, जसले विनाशकारी बाढीको रूप लिने गर्दछ।

वातावरण निरीक्षक चौधरीका अनुसार जलवायु परिवर्तनको क्रूर वास्तविकता के छ भने, यस समस्यामा सबैभन्दा कम जिम्मेवार रहेका देशहरूले नै यसको ठूलो मूल्य चुकाउनु परिरहेको छ। एक अध्ययन अनुसार नेपालले सन् २०२४ मा करिब १ करोड ८८ लाख मेट्रिक टन कार्बन डाइअक्साइड उत्सर्जन गरेको थियो, जुन विश्वको कुल उत्सर्जनको ०.१ प्रतिशतभन्दा पनि कम हो। करिब तीन करोड जनसंख्या भएको नेपालमा यो प्रतिव्यक्ति करिब ०.६३ मेट्रिक टन मात्र पर्न आउँछ।

» बाँकी ३ पेजमा

### वैदिक जनै उद्योगीको गुनासो:

# नक्कलीले संस्कार र व्यापार दुवै बिगारे



बुटवल। आज जनै पूर्णिमा र रक्षावन्धन पर्व। हिन्दू धर्मालम्बी तागाधारीले नयाँ जनै धारण र रक्षाबन्धन गर्ने दिन।

जनै र रक्षावन्धन वैदिक एवं शास्त्रीय विधिअनुसार बनाइएको पवित्र र शुद्ध हुनुपर्ने धार्मिक मान्यता छ। तर पछिल्लो समय धर्म, संस्कृति र संस्कारलाई नै खलल पुऱ्याउने गरी नक्कली जनै र रक्षाबन्धनको बिगबिगी बढ्दै गएको वैदिक र शास्त्रीय विधि अनुसार जनै बनाउँदै आएका उद्योगीको गुनासो छ।

नेपालमै सम्भवतः पहिलो वैदिक जनै एवं रक्षावन्धन उत्पादन गर्ने गरी बुटवलमा ०५८ सालदेखि राधा धागो उद्योग सञ्चालन गर्दै आएका बुद्धिप्रसाद शर्मा शाष्त्रीले बजारमा वैदिक विधिविपरीत जनै तथा रक्षाबन्धन धागो उत्पादन र ब्यापार हुने गरेको गुनासो गर्छन्। पोलिस्टर धागो मिश्रित जनै र रक्षाबन्धनको बढ्दो प्रयोगका कारण नेपालको धर्म संस्कृतिमाथि नै प्रहार भएको उनको भनाइ छ।

हिन्दू धर्मका वैदिक ग्रन्थ अनुसार जनैलाई ब्रह्मसूत्र अर्थात् वेदोक्त कर्म सम्पादन गर्न र वेदाध्यायन गर्ने अधिकार प्राप्तिका लागि धारण गर्न मन्त्रिएको धागो भन्ने बुझिन्छ। जनैका शिखाहरूमध्ये एउटा जनैका शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा तीन डोरालाई कर्म, उपासना र ज्ञानका प्रतीकहरूको योग मानिन्छ। शुद्ध जनै र रक्षाबन्धन सुती धागोबाट बनेको ९ सरा हुनुपर्नेमा बजारमा नाफा कमाउन उद्देश्यले ७५ प्रतिशत पोलिस्टर मिसाइएको ३ सराको मात्रै पनि बनाउने गरिएको उद्योगी शर्माको गुनासो छ।

जनै मन्त्रँदा सप्तऋषिलाई तर्पण दिई प्रत्येक डोरामा हुने नौ सराका तन्तु देवताहरु र शिखामा ब्रह्मा, विष्णु, महेश र जगत जननीको पूजा गरी गायत्री मन्त्रद्वारा मन्त्रित गरिनुपर्ने शास्त्रीय र वैदिक जनैका सम्पादनकर्ता बुद्धिप्रसाद शर्मा बताउँछन्। तर बजारमा पाइने अधिकांश जनैमा यस्तो विधि नपुऱ्याई केवल नाफा कमाउनकै लागि बजारमा पठाइने संस्कृतमा साहित्याचार्य र अर्थशाष्त्रमा स्नातक शर्माको दाबी छ।

नक्कली जनै र रक्षाबन्धन धारण गर्नेहरुले पनि शुद्ध र सक्कली नहेरी जुन पायो त्यही प्रयोग गर्दा धर्मसंस्कृति रक्षाका लागि राज्यलाई कर तिरेर मेहनतपुर्वक सञ्चालन गरिएको उद्योगलाई असर गरेको दुखेसो शर्माको छ। धर्म संस्कृति र संस्कार बचाउन आफ्नो उद्योगले वैदिक विधि अनुसार सुति धागोबाट जनै र रक्षा बन्धन बनाउंदै आएको र आफ्ना दुई छोराहरुलाई पनि यही व्यवसायमा आवद्ध गराएको शर्माले बताए।

एक करोड बढी लगानी भएको उनको उद्योगले सिजनमा ६ सय जना सम्मलाई र बाह्रै महिना करिब २० जनालाई रोजगारी दिएर वार्षिक ५० लाख जनै र ५ क्वीन्टल बढी रक्षा बन्धन (डोरो) उत्पादन गर्दै आएको छ। उनको उद्योगमा काम गर्ने कामदार सबै ब्राह्मण महिला हुन्।

उनीहरुले घरमै धागो लगेर फुर्सदमा जनै बनाएर मासिक १५-२० हजार आम्दानी गर्छन्। यसबाहेक लाख बत्ती, बत्ती धागो, अनन्त डोरो पनि यो उद्योगले उत्पादन गर्दै आएको छ। यो उद्योगले उत्पादन गर्ने जनै र रक्षाबन्धनको माग र बजार रुपन्देही, नवलपरासी, कपिलवस्तुसहित काठमाडौं, चितवन, पोखरा, दाङ, बागलुङ, नेपालगञ्ज, धनगढीसम्म मात्र नभई विदेशसम्म छ।

तर बिक्रेताहरुले शास्त्रीय र वैदिक भनेर नक्कली जनै र नेपालमै पनि विशेषगरी पूजा सामग्री बिक्रेताहरुले उद्योग दर्ता नगरी अवैध तरिकाले जनै र रक्षाबन्धन बनाएर बिक्री गरिदिंदा वैधानिक तरिकाले सञ्चालित आफ्नो उद्योग मारमा परेको उद्योगी शर्माले गुनासो गरे।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# सकारात्मक सर्वदलीय संकल्प

रसुवाको भोटेकोसीमा आएको बाढीले भएको क्षतिप्रति सर्वदलीय बैठकले गहिरो दुःख व्यक्त गर्दै १० बुँदे साझा संकल्प गरेको छ। विपतमा दलहरु मिलेर उद्दार, राहत र पुनःस्थापनामा लाग्ने संकल्प गर्नु सकारात्मक छ। राजनैतिक मतभेद बिर्सेर उद्दार, राहत र पुनःस्थापनामा लाग्दा विपतको सामना गर्न संभव छ।

दलहरुले सर्वदलीय बैठकमार्फत् घाइतेको उपचार, हेरचाह र मनोसामाजिक परामर्शको जिम्मेवारी राज्यले लिनुपर्ने,दलहरूले उद्धार र राहतलाई गैरराजनीतिक बनाउन, आर्थिक सहयोग एकद्वार प्रणालीमार्फत् जम्मा गर्न र भ्रामक सूचना नफैलाउन आह्वान गरेका छन्। नेपालका जोखिमपूर्ण हिमतालको तत्काल वैज्ञानिक अध्ययन तथा नक्साङ्कन गर्ने र चीनतर्फका जोखिमपूर्ण हिमतालको अध्ययन तथा जोखिम न्यूनीकरणका लागि चीनसँग संयुक्त वैज्ञानिक तथा प्राविधिक संयन्त्र गठन गर्न पहल गर्ने संकल्प सर्वदलीय बैठकले गरेको छ। त्यसैगरी, सीमापार नदी प्रणालीलाई ध्यानमा राख्दै नेपाल-चीनबिच वास्तविक समयको तथ्याङ्क आदानप्रदान तथा भरपर्दो पूर्वसूचना प्रणालीलाई संस्थागत र प्रविधिमैत्री बनाउने, क्षतिग्रस्त संरचनालाई अझ सुरक्षित र उत्थानशील ढंगले पुनर्निर्माण गर्ने तथा कालोबजारी, कृत्रिम अभाव र राहत दुरुपयोगमा संलग्नलाई कडा कानुनी कारबाही गर्ने, नेपालले भोगिरहेको जलवायुजन्य हानि-नोक्सानीलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा उठाउँदै जलवायु न्यायका आधारमा अन्तर्राष्ट्रिय समुदाय र विकास साझेदारको सहयोग माग्ने निर्णय सर्वदलीय बैठकले गरेको छ। बैठकले उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि संयुक्त राष्ट्रसंघ, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, मित्रराष्ट्र तथा प्रवासी नेपाली समुदायसँग मानवीय, प्राविधिक र आर्थिक सहयोग माग्ने निर्णय गरेर अन्तर्राष्ट्रिय समुदायलाई सहयोगको अपील गरेको छ। विपद्पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, जोखिम न्यूनीकरण तथा राष्ट्रिय विपद् नीतिमा सुधारका लागि संसदीय समिति गठन गरी सरकारका कामकारबाहीको निरन्तर सल्लाह, सहयोग र अनुगमन गर्ने निर्णय पनि सकारात्मक छ।

विपतको पूर्व तयारी पर्याप्त हुन नसकिरहेको बेला सीमित स्रोत साधन भएको मुलुकमा राजनैतिक एकताले पनि विपतको सामना गर्ने सार्मथ्य जुट्न सक्छ। दलहरु भनेका संगठित समूह हुन्। उनीहरुका कमिटी तल्लो तहसम्म हुन्छन्। ती कमिटीलाई विपतमा प्रयोग गर्दा उद्धार र राहतमा छरितो सम्भव छ। तीन वर्षअघि जाजरकोटमा गएको भूकम्पका बेला राजनैतिक दलहरुले चलाएको उद्धार अभियान प्रभावकारी भएको थियो। त्यो घटनाबाट पनि पाठ सिकेर दलहरुले भोलेण्टियर टिम पठाएर उद्धार र राहतलाई सरकारी संयन्त्रलाई सघाउन सक्छन्। यतिखेर रसुवा, नुवाकोट धादिङको त्रिशुली नदी तटिय क्षेत्र भयावह संकटमा छन्। बाढीले बस्ती बगाउँदा बेपत्ता हुनेको एकिन तथ्याङ्क छैन। बाँच्नेहरुले आफन्त गुमाएका छन् नै, घर बाढीमा पर्दा सुरक्षित ओतको अभाव छ। रसुवामा मात्रै ४० किमि सडक बगाएको छ। बाढीले ४१ वटा पुल बगेका छन्। विद्युत् आयोजनामा ठूलो क्षति भएको छ। प्रहरी, सेना र सशस्त्र प्रहरीको चौकी र क्याम्प बाढीले बगाउँदा कैयौं सुरक्षाकर्मी बेपत्ता भएका छन्। उद्धार र राहतको काममा सरकारी निकायबाट मात्रै संभव छैन। कतिपय स्थानीय तहका जनप्रतिनिधि समेत बाढीमा बेपत्ता भएका छन्। पालिका कार्यालय भवन समेत बाढीले बगाएको छ। यो बेला राजनैतिक दलहरु मिलेर विपतको सामना गर्न अग्रसर हुनु सुखद छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले सर्वदलीय बैठक आयोजना गरेर जिम्मेवारी निभाएका छन्। यो बैठक खासमा प्रधानमन्त्री बालेन्द्र साहले राख्नुपर्ने हो। उनी दलहरुसँग सहकार्य गर्न अनिच्छुक रहेको यसअघि नै देखिएको छ। संसदमा जान नखोज्ने, राजनैतिक दलहरुसँग सहकार्यको व्यवहार नगर्ने उनको एकलकाटे व्यवहार गलत छ। राजनैतिक मतभेद हुन्छ, तर विपतमा नेपाली एक हुन्छन् भन्ने सन्देश दिने अवसरबाट उनी चुकेका छन्। उनी चुके, तर त्यो जिम्मेवारी लामिछानेले पूरा गरे। राजनैतिक दलहरु मिलेर विपतको सामना गर्ने निर्णय गर्नुले अन्तर्राष्ट्रिय समुदायसमक्ष सकारात्मक धारणा तयार भएको छ। दश बुँदे संकल्पले सरकारलाई पनि काम गर्न दिशानिर्देश गरेको छ।

# भाइरल ज्वरो र मौसमी रुघाखोकी कसरी चिन्ने ?

पछिल्लो केही दिनयता भाइरल ज्वरो र मौसमी रुघाखोकीका बिरामी बढ्न थालेका छन्। ज्वरो आउने, टाउको तथा हातखुट्टा दुख्ने र रुघाखोकी लाग्नेजस्ता लक्षणका बिरामी उपचारका लागि अस्पताल पुग्ने गरेका हुन्।

मनसुनका कारण ज्वरो र रुघाखोकी लागेर अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा पुग्ने बिरामीको संख्या बढ्दो क्रममा रहेको सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन्।

उनका अनुसार मौसमी रुघाखोकी र भाइरल ज्वरो दुवै भाइरसका कारण हुन्छन्। मौसमी रुघाखोकीमा मुख्यतया नाकबाट पानी बग्ने, हाच्छ्यूँ आउने र सामान्य वा हल्का ज्वरो आउँछ। भाइरल ज्वरोमा भने शरीर भारी हुने, कडा वा उच्च ज्वरो आउने, टाउको तथा हाडजोर्नी र मांसपेशी दुख्नेजस्ता लक्षणहरू बढी देखिन्छन्।

**मौसमी रुघाखोकी**

नाक बन्द हुने वा बाक्लो सिँगान बग्ने।

लगातार हाच्छ्यूँ आउने।

घाँटी खसखस हुने वा दुख्ने।

हल्का वा सामान्य ज्वरो आउने।

शरीरमा सामान्य थकान महसुस हुने।

**भाइरल ज्वरो**

एक्कासि उच्च ज्वरो आउने।

शरीर, जोर्नी र मांसपेशीहरू असाध्यै दुख्ने।

कडा टाउको दुखाइ र चक्कर लाग्ने।

खान मन नलाग्ने र बढी नै कमजोरी हुने।

कतिपयलाई बान्ता हुने वा झाडापखाला लाग्नेजस्ता पेटसम्बन्धी समस्या देखिने।

**अपनाउने सामान्य सावधानी तथा उपायहरू**

झोलिलो पदार्थः मनतातो पानी, सुप, कागती पानी र जुस प्रशस्त मात्रामा पिउने।

आरामः शरीरलाई पूर्णरूपमा आराम दिने

घरायसी उपचारः ज्वरो वा टाउको दुखेमा सिटामोल खान सकिन्छ। चिकित्सकको सल्लाहबिना अनावश्यक एन्टिबायोटिक प्रयोग गर्नु हुँदैन।

खानपानः पोषिलो र ताजा खाना खाने।

**कहिले अस्पताल जाने ?**

३ दिनभन्दा बढी समयसम्म लगातार उच्च ज्वरो नघटेमा।

श्वास फेर्न गाह्रो भएमा वा छाती दुखेमा।

असाध्यै बढी कमजोरी भई उठ्न नसक्ने भएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने।

# जनै संस्कृति, सामाजिक विभाजन र एकता



झपेन्द्र जिसी



**परिचय**

नेपाल पर्वै पर्वको देवतै देवताको माडुमाडु (मन्दिर) देश हो। यहाँ बौद्ध दर्शन संस्कार, हिन्दु धर्म संस्कार, इस्लाम धर्म, क्रिश्चियन धर्म, पहाड धर्म, शिख धर्म आदि मान्ने प्रचलन छ। यति हुँदाहुँदै पनि जातजातिका आफ्नै धर्म संस्कार छन्। यीमध्ये ब्राह्मणको मुख्य पर्व जनै पूर्णिमा हो। ब्राह्मणले आफ्नो जातिलाई अरुभन्दा सर्वश्रेष्ठ मान्दछन्, जनै वा यज्ञपवीत उनीहरुको साइनबोर्ड हो।

यहाँ यसै विषयमा केन्द्रित भई २/४ आखर प्रस्तुत गरिन्छ।

**ऐतिहासिक तथा सामाजिक अनुसन्धान प्रतिवेदन**

**१. प्रस्तावना**

धागोको इतिहास र जनैको इतिहास एउटै कुरा होइनन्। धागो मानव सभ्यताको अत्यन्त पुरानो प्राविधिक आविष्कार हो। जनै वा यज्ञोपवीत भने दक्षिण एसियाको विशेष धार्मिक-सामाजिक संस्कारसँग जोडिएको परम्परा हो। त्यसैले "धागो कहिले बनेको हो ?" र "जनै कहिले चलनमा आयो ?" भन्ने प्रश्नको उत्तर अलग-अलग दिनुपर्छ।

२. धागोको उत्पत्ति कहिले र कहाँ भयो ?

धागो बनाउन मानिसले वनस्पतिको रेशा, जनावरको रौं वा अन्य प्राकृतिक रेशालाई मर्काएर, गाँसेर वा घुमाएर प्रयोग गर्न थालेको इतिहास अत्यन्त पुरानो छ। यसरी नै कुश पनि बाटेर जनै बनाएको किंवदन्ती छ। पुरातात्विक प्रमाण अनुसार कम्तीमा ईसा पूर्व नवौँ शाब्तादीतिर पश्चिम एसियामा वनस्पति-रेशाबाट बनेको प्रारम्भिक डोरी वा धागोजस्तो सामग्री प्रयोग भइरहेको थियो। इजरायल क्षेत्रको वादी मुरब्बाअतमा ईसा पूर्व नवौँ सहश्राब्दीको रेशायुक्त धागोको प्रमाण उल्लेख गरिएको छ। तुर्कीको चातालयुक्त र मिस्रका पुराना वस्त्र-अवशेषले पनि धागो र रेशा-प्रविधि हजारौँ वर्ष पुरानो देखाउँछन्।

त्यसैले यसबाट के बुझिन्छ भने धागो कुनै एक धर्मले वा कुनै एक जातिले आविष्कार गरेको वस्तु होइन।

यो मानव सभ्यताले कपडा, डोरी, जाल, बाँध्ने सामग्री र सजावटका लागि क्रमशः विकास गरेको प्राचीन प्रविधि हो।

३. जनै वा यज्ञोपवीतको प्रारम्भ कहाँबाट भयो ?

जनैको मूल सांस्कृतिक विकास प्राचीन वैदिक भारतसँग सम्बन्धित देखिन्छ। तर एउटा अत्यन्त महत्वपूर्ण ऐतिहासिक कुरा छ-

प्रारम्भिक वैदिक ग्रन्थमा आज हामीले देख्ने काँधमा सधैँ झुन्ड्याइराखिने कपासको तीन-सुते र छ सुते जनैको स्पष्ट रूप सुरुबाटै थिएन।

प्राचीन वैदिक सन्दर्भमा उपवीत भन्नाले शरीरमा कुनै वस्त्र वा पशुचर्मलाई विशेष ढङ्गले धारण गर्ने विधि बुझिन्थ्यो। वैदिक सन्दर्भमा देवकार्य, पितृकार्य आदिमा वस्त्र वा आवरणलाई फरक ढङ्गले धारण गर्ने परम्परा थियो। तैत्तिरीय संहितामा उपवीतसम्बन्धी प्रारम्भिक उल्लेख पाइन्छ।

यसबाट के देखिन्छ भने-

पहिले "उपवीत" मुख्यतः शरीरमा वस्त्र वा आवरण धारण गर्ने धार्मिक ढङ्ग थियो, आजको निश्चित कपासको जनैको रूप क्रमशः विकसित भएको देखिन्छ।

४. ब्राह्मणले जनैधारण कहिलेदेखि सुरु गरे ?

यस प्रश्नमा "फलानो सालदेखि" भनेर एउटै मिति दिन मिल्दैन। यसको विकास धेरै शताब्दी लागेर भयो।

पहिलो चरणः वैदिक यज्ञ-संस्कारको समय वैदिक यज्ञ गर्दा शरीरमा वस्त्र वा आवरण विशेष ढङ्गले लगाइन्थ्यो।

दोस्रो चरणः उपनयन संस्कार

पछि उपनयन नामको दीक्षा संस्कार विकसित भयो। यसको मूल उद्देश्य बालकलाई गुरुकुल वा वैदिक शिक्षामा प्रवेश गराउनु थियो। यसलाई दोस्रो जन्म अर्थात् द्विजत्वसँग जोडियो।

तेस्रो चरणः धर्मसूत्र र गृह्यसूत्रकाल

धर्मसूत्र र गृह्यसूत्र परम्परामा ब्राह्मण, क्षत्रिय र वैश्यका उपनयनसम्बन्धी नियमहरू विस्तृत हुँदै गए। बौधायन आदि ग्रन्थ परम्परामा संस्कार र यज्ञोपवीतको उल्लेख पाइन्छ।

चौथो चरणः स्मृति-मध्यकालीन विकास

क्रमशः जनै केवल शिक्षाको प्रवेश संस्कार नभई जातीय पहिचानको प्रतीक पनि बन्दै गयो। पछि "कसले जनै लगाउन पाउने र कसले नपाउने ?" भन्ने प्रश्न धार्मिक मात्र नभई सामाजिक शक्ति र जातीय हैसियतसँग जोडियो। अर्थात जनै सुरुमा ब्राह्मणको जन्मजात सम्पत्ति मात्र थिएन, पछि ब्राह्मणीय सामाजिक व्यवस्थामा यसलाई विशेषाधिकार र उच्च जातीय पहिचानसँग जोडिँदै लगियो।

५. जनै ब्राह्मणको मात्र थियो कि क्षत्रिय र वैश्यको पनि ?

शास्त्रीय वर्णव्यवस्थामा उपनयन र द्विजको अवधारणा केवल ब्राह्मणमा सीमित थिएन। ब्राह्मण, क्षत्रिय र वैश्यलाई परम्परागत रूपमा "त्रिवर्ण" वा "द्विज" समूहमा राखिएको थियो। मनुस्मृतिसंहिता र पछिल्ला स्मृति परम्पराले उपनयनको उमेरसमेत फरक-फरक तोक्यो। त्यसैले "जनै केवल ब्राह्मणले मात्र लगाउने हो" भन्ने आजको बुझाइ ऐतिहासिक रूपमा पूर्ण छैन।

तर समय बित्दै जाँदा धेरै समाजमा जनैधारणको अधिकार असमान भयो र जातीय श्रेष्ठताको प्रतीक बनाइयो।

६. काठमाडुमा जनै कहिले भित्रियो ?

काठमाडु उपत्यकाको हकमा पनि ठ्याक्कै "यही वर्ष जनै पहिलो पटक भित्रियो" भन्ने अभिलेख अहिलेसम्म स्पष्ट छैन।

तर ऐतिहासिक प्रमाणका आधारमा यस्तो निष्कर्ष गर्न सकिन्छ–

(क) लिच्छवि कालमा ब्राह्मणीय वैदिक संस्कृति उपस्थित थियो।

काठमाडु उपत्यकामा लिच्छविकाल चौथो पाँचौं शताब्दी नै संस्कृत, वैदिक र शैव-वैष्णव धार्मिक परम्पराको सशक्त उपस्थिति थियो। लिच्छवि कालका अभिलेख र धार्मिक संरचनाहरूले ब्राह्मणीय धार्मिक संस्थाको पुरानो प्रभाव देखाउँछन्। काठमाडु उपत्यकाका प्रारम्भिक लिच्छवि अभिलेख पाँचौँ शताब्दीदेखि प्रशस्त पाइन्छन्।

(ख) तर "आजको जस्तो जातीय जनै" कहिलेदेखि ?

यो अलग प्रश्न हो। उपलब्ध प्रमाणले जनैलाई वर्तमानजस्तो कठोर सामाजिक वर्गीकरणसँग जोडिएको रूप विशेष गरी मध्यकालीन सामाजिक पुनर्गठनमा अझ स्पष्ट हुँदै गएको देखाउँछ।

(ग) मल्लकालमा जातीय वर्गीकरण

चौधौँ शताब्दीमा जयस्थिति मल्लसँग सम्बन्धित सामाजिक पुनर्गठन र जातीय वर्गीकरणले काठमाडु उपत्यकामा जात-पेशा-धार्मिक हैसियतलाई अझ व्यवस्थित बनायो। एउटा अध्ययनमा उपत्यकाको सामाजिक विभाजनमा जनैधारी समूहको पृथक हैसियत उल्लेख गरिएको छ।

त्यसैले यसको निष्कर्षमा काठमाडुमा वैदिक-ब्राह्मणीय संस्कार लिच्छवि कालभन्दा अगाडिदेखि वा कम्तीमा लिच्छवि कालसम्म स्थापित भइसकेको थियो, तर आजको अर्थमा जनैलाई जातीय प्रतिष्ठा र सामाजिक श्रेणीको प्रमुख प्रतीक बनाउने प्रक्रिया मध्यकालमा अझ स्पष्ट र संस्थागत भयो।

७. पश्चिम नेपालमा जनै कहिले भित्रियो ?

पश्चिम नेपालको इतिहास झन् रोचक छ।

कर्णाली क्षेत्र, दुल्लु, जुम्ला आदि क्षेत्रमा खस राज्य र खस मल्ल ठकुरी राज्यको विकास भएको थियो। चौधौँ शताब्दीका दुल्लुका अभिलेखहरूले त्यहाँको राजनीतिक-सांस्कृतिक इतिहासको महत्वपूर्ण प्रमाण दिन्छन्।

तर पश्चिम नेपालका सबै खस समुदाय सुरुदेखि जनैधारी थिए भन्ने बलियो प्रमाण छैन।

एक महत्वपूर्ण ऐतिहासिक अध्ययनले पश्चिम नेपालमा १६औँ शताब्दीको एउटा दस्तावेजमा स्थानीय शासकले आफ्ना आश्रित वा सेवक समूहलाई जनै धारण गर्ने अधिकार दिन वा खोस्न सक्ने व्यवस्था भएको उल्लेख गरेको छ। यसले के देखाउँछ भने जनैधारण त्यहाँ सामाजिक-राजनीतिक अधिकारसँग जोडिँदै थियो।

यसै आधारमा पश्चिम नेपालको बारेमा यस्तो निष्कर्ष बढी सुरक्षित देखिन्छ।

कर्णाली क्षेत्रमाः

खश राज्यको समयदेखि हिन्दू-बौद्ध-स्थानीय परम्पराको मिश्रित संस्कृति थियो।

सबै खश सुरुमा एकरूप जनैधारी थिएनन्।

१४ औँदेखि १६औँ शताब्दीको बिचमा संस्कृतीकरण र ब्राह्मणीकरण तीव्र हुँदै गयो।

१६औँ शताब्दीसम्म आइपुग्दा केही खश समूहलाई जनैधारणको अधिकार प्रदान गरिएको स्पष्ट प्रमाण भेटिन्छ।

यसैले "पश्चिम नेपालका खश मानिस आदिकालदेखि नै सबै जनैधारी थिए" भन्नु इतिहाससम्मत हुँदैन।

८. नेपालमा जनैलाई जातीय शक्तिको प्रतीक कसरी बनाइयो ?

यसको सबैभन्दा स्पष्ट प्रमाण वि.सं. १९१० (सन् १८५४) को मुलुकी ऐन हो।

त्यस ऐनले नेपाली समाजलाई विभिन्न जातीय तहमा विभाजन गर्‍यो। सबैभन्दा माथिल्लो वर्गमध्ये एक प्रमुख श्रेणी "तागाधारी" अर्थात् जनैधारी बनाइयो। त्यसमा मुख्यतः बाहुन, क्षत्री, ठकुरी तथा केही उच्च जातीय नेवार समूह परे। त्यसैले कानुनी व्यवस्थामा जनै सामाजिक उच्चताको प्रमुख प्रतीक बन्यो।

त्यसैले नेपालमा जनैको प्रश्न केवल धर्मको प्रश्न रहेन, राज्य र कानुनले पनि यसलाई एक समय सामाजिक श्रेणीकरणको प्रतीक बनाएको थियो।

९. दलितलाई जनैधारण गराइदिए के बिग्रिन्छ ?

मानव शरीरलाई केही बिग्रिँदैन। जनै धागोबाट बनेको धार्मिक-सांस्कृतिक प्रतीक हो। दलितले जनै लगाएमा प्रकृति बिग्रिँदैन, आकाश खस्दैन, सूर्य उदाउन छोड्दैन। धर्मको नैतिक मूल्य पनि बिग्रिँदैन।

सत्य, अहिंसा, दया, करुणा, ज्ञान र सदाचार जात हेरेर कसैको निजी सम्पत्ति बन्न सक्दैनन्।

बिग्रिन सक्ने कुरा भने पुरानो ब्राह्मणिक जातीय विशेषाधिकारको भावना हो।

यदि कुनै समुदायले जनैलाई "हामी मात्र उच्च हौँ" भन्ने चिह्न बनाएको छ भने सबै मानिसलाई जनैधारणको समान अवसर दिँदा त्यो विशेषाधिकारको पर्खाल कमजोर हुन्छ। पर्खाल हुने देखेर नै आफूले मात्रै लगाउने गरेका हुन्। यो दासकालीन व्यवस्था हो।

त्यसैले प्रश्न यसरी पनि उठ्छ-

जनै सबैले लगाएमा धर्म बिग्रिन्छ कि जातीय श्रेष्ठताको एकाधिकार बिग्रिन्छ ?

ऐतिहासिक रूपमा हेर्दा यहीँ मुख्य विवाद देखिन्छ।

१०. दलितलाई जनै लगाउनबाट रोक्नु कानुनी रूपमा उचित हुन्छ ?

नेपालमा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ पनि लागू छ।

त्यसैले आजको लोकतान्त्रिक र संवैधानिक नेपालमा–"फलानो जात भएकाले तिमीलाई धार्मिक संस्कार गर्न पाइँदैन" भन्ने सोंचलाई मानव समानताको दृष्टिले गम्भीर प्रश्न गर्नुपर्छ।

११. एउटा महत्वपूर्ण ऐतिहासिक विरोधाभास

इतिहासमा जनैको अर्थ परिवर्तन हुँदै गयो।

प्रारम्भिक अर्थ पछिल्लो सामाजिक अर्थ

धार्मिक वा यज्ञसम्बन्धी धारण-विधि जातीय पहिचान शिक्षा र उपनयनसँग सम्बन्ध सामाजिक हैसियत धार्मिक अनुशासन उच्च जातको प्रतीक

संस्कार विशेषाधिकारको चिह्न त्यसैले आजको मुख्य प्रश्नः जनै धर्मको प्रतीक हो कि मानिसलाई उच्च-नीच बनाउने सामाजिक औजार हो। प्रष्टै छ आफू श्रेष्ठ र अरुलाई निच बनाउने दृष्टिकोणबाट प्रेरित छैन र ?

यदि जनै केवल धार्मिक संस्कार हो भने सदाचार मान्ने सबै मानिसले आफ्नो इच्छाअनुसार अपनाउन सक्ने बाटो खुला हुनु हो।

यदि जनैलाई केवल "जन्मका आधारमा केही मानिस मात्र उच्च छ" भन्ने प्रतीक बनाइन्छ भने त्यो आधुनिक मानव समानता र नेपालको संविधानसँग टकराउँछ।

१२. निष्कर्ष

मेरो अनुसन्धानात्मक निष्कर्ष यसप्रकार छ–

१. धागोको आविष्कार मानव सभ्यताको प्राचीन प्राविधिक विकास हो।

२.कम्तीमा हजारौँ वर्ष पुरानो पुरातात्विक प्रमाण भेटिन्छ।

३. जनै धागोभन्दा धेरैपछिको धार्मिक-सांस्कृतिक विकास हो।

४. प्रारम्भिक वैदिक "उपवीत" आजको जस्तो निश्चित कपासको जनै नै थियो भनेर सीधा भन्न मिल्दैन। यसको रूप क्रमशः विकसित भयो।

५. उपनयन संस्कार ब्राह्मणमा मात्र सीमित थिएन। परम्परागत रूपमा क्षत्रिय र वैश्य पनि द्विज संस्कारसँग जोडिएका थिए।

६. काठमाडु उपत्यकामा ब्राह्मणीय-वैदिक प्रभाव लिच्छवि कालसम्म स्पष्ट थियो, तर जनैलाई कठोर जातीय हैसियतको प्रतीक बनाउने प्रक्रिया मध्यकालमा बढी संस्थागत भयो।

७. पश्चिम नेपालमा खश समाज सबै आदिकालदेखि जनैधारी थिए भन्ने प्रमाण छैन।

१६औँ शताब्दीसम्म आइपुग्दा केही खश समूहलाई जनैधारणको अधिकार प्रदान गरिएको ऐतिहासिक प्रमाण भेटिन्छ। यसको कारण छ। आफ्नो पेशालाई सुरक्षित स्थायी बनाउन ब्राह्मणहरुले सिंजाका बौद्ध राजाहरुलाई जैन लगाएर ठकुरी बनाए। यसरी नै ओखरकोट प्यूठानका राजा परश घर्तीलाई कण्ठु जैसीले जनै लगाई क्षत्री बनाइदिए। राजाहरु जनैधारी भएपछि धेरै मगरहरुले पनि जनै धारण गर्न लालयित भए भने ब्राह्मणहरुले उनीहरुलाई जनैधारी बनाउन लालयित भए।

त्यसबाट ब्राह्मणहरु पनि जजमान धेरै बनाउन सकेकोमा खुशी भए भने आफू ठकुरी बन्न पाएको र जातीय प्रमोशन हुन पाएकोमा उनीहरु खुशी भए। यसरी नै लम्जुङका राजा कुल मण्डन खाम मगरलाई जनै लगाइदिएर ठकुरी बनाइदिए। गोरखाका कुल मण्डन खामकै छोराहरु नरहरि खाम र द्रव्य खाम पनि ठकुरी भए। द्रव्य खामलाई गणेश पाडे र नारायण अर्यालले जनै लगाइदिएर गोर्खाको राजामा विभूषित गरे। यहाँबाट दिल्लीका मुगल राजा कहाँ जाँदा कुल मण्डन खामहरुलाई शाहको उपवादी दिएपछि शाह लेखन थालेको इतिहास छ।

८. नेपालमा जनैलाई सामाजिक श्रेणीको राज्य-मान्य प्रतीक बनाउने काम १८५४ को मुलुकी ऐनले झन् स्पष्ट गर्‍यो।

९. दलितलाई जनैधारण गराउँदा मानव, प्रकृति वा नैतिकता बिग्रिँदैन।

मुख्य रूपमा चुनौतीमा पर्ने कुरा जन्ममा आधारित धार्मिक-सामाजिक विशेषाधिकारको पुरानो संरचना हो।

निष्कर्षः

जनै धागो मात्र हो, मानिसको मूल्य उसको जन्मले होइन, उसको ज्ञान, कर्म, चरित्र र मानवताले निर्धारण गर्दछ। धागोले होइन,

"मान्छेलाई जनैले ठूलो बनाउँदैन, मान्छेको कर्मले जनैको अर्थ ठूलो वा सानो बनाउँछ।

अन्त्यमा येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वाम् प्रतिवध्नामि जुन धागाले महाबलि बलि राजा र देवगणका राजा इन्द्रलाई बाँधियो त्यही धागाले तिमीलाई पनि धागाले बाँध्छु। रक्षा होस् रक्षा होस्। जातिबढिया होस्। जस्ता मन्त्र वाचन गर्दै ब्राह्मणले रक्षा बन्धन गर्दै घर घर पुग्छन्। यो ब्राह्मणको पेशा हो। पेशा सुरक्षित होस्। तर यो २०८३ को जनैपूर्णिमाले नेपाली समाजलाई विभाजन होइन, एउटै सूत्रमा बाँध्ने काम गरोस्, हार्दिक शुभकामना।

# हर्नामाडीको गुम्बाडाँडा बन्यो मूर्तिकलाको खुला सङ्ग्रहालय

**वासुदेव पौडेल/वसन्त भण्डारी**

हेटौँडा उप-महानगरपालिका-१८ हर्नामाडीस्थित गुम्बाडाँडामा पुग्दा बन र खुला चौरबीच विशाल ढुङ्गाका अनेक आकृति देखिन्छन् । मकवानपुरको राप्ती र सुकौरा खोलाका ढुङ्गामा सात देशका २३ मूर्तिकारले कुँदेका मूर्तिले कतै मातृत्वको अनुभूति दर्शाएका छन्, छ कतै सपना र आशा । त्यस्तै कुनै मूर्तिले प्रकृति र मानव जीवनको सम्बन्ध बोलेका छन् भने कुनैले बदलिँदो मानव सभ्यताको कथा भनिरहेका छन् । ती कलाकृति कुनै बन्द भवनका भित्ताभित्र सजाइएका होइनन्, खुला आकाशमुनि रुख, घाँस र डाँडाको प्राकृतिक परिवेशसँगै उभिएका छन्, जसले यो स्थान मूर्तिकलाको खुल्ला सङ्ग्रहालयजस्तै बनेको छ ।

सात देशका २३ मूर्तिकारका श्रम र सीप पोखिएका प्रस्तर मूर्तिले गुम्बाडाँडालाई सामान्य उद्यानभन्दा फरक पहिचान दिएका छन् । आज खुला मूर्तिकला सङ्ग्रहालयका रूपमा चिनिन थालेको यो ठाउँको कथा भने चार-पाँचवटा ठूला ढुङ्गामा मूर्ति बनाउने सामान्य प्रस्तावबाट सुरु भएको थियो । मूर्तिकार तथा गुम्बाडाँडा मूर्तिकला क्षेत्रका सल्लाहकार लक्ष्मण भुजेललाई स्थानीयस्तरमा सम्मान गर्न यही डाँडामा लगिएको थियो । खुला चौर र वरपरको प्राकृतिक वातावरण देखेपछि उनले स्थानीयसँग केही ठूला ढुङ्गा जुटाउनसके साथीहरू बोलाएर चार-पाँचवटा विशाल मूर्ति बनाएर पार्कमा राख्न सकिने प्रस्ताव गरे । "सुरुआतको कुरा त्यही थियो, पछि छलफल बढ्दै जाँदा अन्तर्राष्ट्रिय रूपमा मूर्तिकला कार्यशाला आयोजना गरेर इतिहास रच्ने तहसम्म पुग्यौँ ।"-उनले सम्झिए ।

स्थानीय समुदाय, विभिन्न सङ्घसंस्था र सरकारी निकाय जोडिँदै गए । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र कलाकारको सहभागितापछि योजनाले अन्तर्राष्ट्रिय स्वरूप पायो । विसं २०६९ मा प्रथम अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला सञ्चालन भयो । कार्यशालामा नेपालका १८ र विदेशका पाँच गरी २३ मूर्तिकार सहभागी भए । कलाकारलाई एउटै विषयमा बाँधिएको थिएन । आफ्नो अनुभव, संस्कृति, शैली र अवधारणाअनुसार ढुङ्गालाई आकार दिने स्वतन्त्रता थियो । भुजेलका अनुसार विषय खुला राख्दा सिर्जनामा विविधता आयो । कसैले अमूर्त शैली रोजे, कसैले यथार्थपरक आकृति बनाए भने कसैले प्रतीकमार्फत विचार व्यक्त गरे ।

मूर्तिका लागि विशाल ढुङ्गा जुटाउनु आफैँमा चुनौती थियो । आयोजक टोली मुटनी खोला, राप्ती क्षेत्रलगायत ठाउँसम्म ढुङ्गा खोज्दै पुगेको जानकारी दिँदै भुजेलले ठूला प्राकृतिक ढुङ्गा राप्तीबाट ल्याइयो भने शिवम् सिमेन्टले उपलब्ध गराएका काटिएका ११ वटा ढुङ्गाका ब्लक पनि प्रयोग गरिए । त्यस समयमा कार्यशालाका दिन पनि सहज नहरेको बताउँदै भुजेलले पर्याप्त विद्युत् नहुँदा जेनेरेटर चलाएर रातिसम्म काम गर्नुपरेको स्मरण गरे ।

विदेशी कलाकारको बसोबास र खानपानको व्यवस्थापनदेखि आर्थिक स्रोत, उपकरण र विद्युत् जुटाउन चुनौती भए पनि स्थानीय समुदायको उत्साहले कार्यक्रम पूरा गर्न बल दिएको उनको अनुभव छ । विदेशी कलाकारले नेपाली कलाकारसँगै यहाँ काम गरे । उनीहरूका सिर्जनासँगै नेपाली कलाकारका 'जीवनचक्र', 'स्वप्न', 'उत्सुकता', 'शान्तिभूमि नेपाल', 'समुद्र मन्थन' र 'सुनौलो भविष्यको आशा'लगायत कृति यहाँ छन् । इटालीका मूर्तिकार बेटिनो फ्रान्सिनीको 'विश्वकै पहिलो आमा' पनि यहाँका आकर्षक कृतिमध्ये एक हो । प्राकृतिक ढुङ्गाको मूल स्वरूप धेरै नबिगारी मानव आकृति दिइएको उक्त सिर्जनामा नेपाली महिलाले लगाउने नाकको गहनासमेत झल्किन्छ ।

मूर्तिकार तथा ललितकला क्याम्पसका प्राध्यापक ओम खत्री गुम्बाडाँडाको मुख्य विशेषता प्रकृति र कलाको सङ्गमलाई मान्नुहुन्छ । परम्परागत रूपमा मन्दिर, भवन वा निश्चित संरचनासँग जोडिएको मूर्तिकलालाई प्राकृतिक वातावरणमै सार्वजनिक रूपमा हेर्न सकिने अभ्यासले नयाँ सम्भावना खोलेको उनको भनाइ छ । "प्रकृतिको आफ्नै रचना हुन्छ, अर्को मानवले सिर्जना गरेको कलाकृति हुन्छ, यहाँ यी दुईको सङ्गम भएको छ ।"-उनले भने । खत्रीका अनुसार यो प्रतियोगिता नभई कलाकारबीच विचार र अनुभव आदानप्रदान गर्ने 'सिम्पोजियम' थियो । विभिन्न देशमा कस्तो कला अभ्यास भइरहेको छ, कलाकारले ढुङ्गामा कसरी काम गर्छन् र कस्ता औजार प्रयोग गर्छन् भन्ने प्रत्यक्ष हेर्ने अवसर स्थानीय बासिन्दा, विद्यार्थी र कलाप्रेमीले पाए । उनी यसलाई व्यक्तिगत सिर्जनालाई समाज, प्रकृति र सार्वजनिक स्थानसँग जोड्ने महत्त्वपूर्ण अभ्यासका रूपमा लिन्छन् । एक दशकभन्दा लामो समयपछि गुम्बाडाँडाको चुनौती नयाँ मूर्ति थप्नुभन्दा भएका कृतिको कथा जोगाउनु बनेको छ । अधिकांश मूर्तिसँग कृतिको शीर्षक र कलाकारको नाम रहे पनि सिर्जनाको विस्तृत अवधारणा दर्शकले त्यहीँ बुझ्ने व्यवस्था छैन । आधुनिक वा अमूर्त कलासँग परिचित नभएका दर्शकका लागि नामले मात्रै मूर्तिको अर्थ खोल्दैन । उनीहरू फोटो खिचेर फर्कन सक्छन्, तर कलाकारले ढुङ्गामार्फत् भन्न खोजेको कथा त्यहीँ छुट्न सक्छ ।

खत्री प्रत्येक मूर्तिसँग कलाकार, देश, कृतिको नाम, आकार, माध्यम, सिर्जनाको अवधारणा र निर्माण समयसहित व्यवस्थित विवरण हुनुपर्ने बताउँछन् । त्यसका लागि 'क्युआर कोड' प्रभावकारी विकल्प हुनसक्ने उनको सुझाव छ । मोबाइलबाट कोड स्क्यान गरेपछि कलाकारको परिचय, कृतिको अर्थ, निर्माण प्रक्रिया, पुराना तस्बिर र श्रव्यदृश्य सामग्रीसम्म हेर्न मिल्ने व्यवस्था भए गुम्बाडाँडा घुम्ने ठाउँबाट कला बुझ्ने खुला पाठशालामा बदलिन सक्छ ।

भुजेल पनि विस्तृत अभिलेखीकरणलाई अबको मुख्य आवश्यकता मान्छन् । कार्यशालाका तस्बिर र श्रव्यदृश्य सामग्री सुरक्षित रहेको तथा पछि वृत्तचित्रसमेत तयार गरिएको उनले बताए । विस्तृत 'क्याटलग' प्रकाशनको काम भने पूरा हुन सकेको छैन । भविष्यमा पुस्तक प्रकाशन गर्ने, पुराना दृश्य सामग्री प्रदर्शन गर्ने र सङ्ग्रहालयको स्वरूपमा विकास गर्ने परिकल्पना रहेको उनको भनाइ छ ।

खुला आकाशमुनि रहेका मूर्तिमा घामपानीले कति असर गर्छ भन्ने प्रश्न पनि छ । भुजेलका अनुसार प्रयोग गरिएका ढुङ्गा बाहिरी वातावरणमै रहने प्रकृतिका भएकाले मौसमले तत्काल ठूलो क्षति पुऱ्याउने सम्भावना कम छ । तर नियमित सरसफाइ, लेउ हटाउने, मानवीय क्षतिबाट जोगाउने र अवस्थाको निगरानी आवश्यक हुन्छ । खत्री पनि समयसमयमा निरीक्षण गरी फोहर, लेउ वा चोटपटक देखिए उचित संरक्षण गर्नुपर्ने बताउँछन् ।

हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क राम्तेलका अनुसार मूर्तिकला क्षेत्र करिब पाँच दशमलव ६७ हेक्टरमा फैलिएको छ । व्यवस्थित तथ्याङ्क नराखिए पनि वार्षिक करिब १५ देखि २० हजार आन्तरिक पर्यटक आउने उनको अनुमान छ । ठूलो क्षेत्र भएकाले छरिएको लगानीले अपेक्षित स्वरूप दिन नसकेको उनी बताउँछन् । व्यवस्थित बगैँचा, बालबालिकाका लागि खेल्ने ठाउँ, ग्यालरी र अन्य आधारभूत संरचना थपिए पर्यटकलाई लामो समय अड्याउन सकिने उनको भनाइ छ ।

हेटौँडा-१८ का वडाध्यक्ष अनिलकुमार बानियाँ पनि बिदाका दिन यहाँ पर्यटकको चहलपहल उल्लेख्य हुने बताउँछन् । उनका अनुसार सामान्य दिनमा करिब ५० देखि ६० जना आउने गरेका छन् भने शुक्रबार र शनिबार चहलपहल बढ्छ । स्थानीयले सञ्चालन गरेका पसल र व्यवसायमार्फत् करिब १५ देखि २० परिवार आयआर्जनमा जोडिएको उनको भनाइ छ । वडाले गुम्बा डाँडालाई आसपासका पर्यटकीय क्षेत्रसँग जोडेर आगन्तुकलाई दुईदेखि चार घण्टासम्म अड्याउने वातावरण बनाउने योजना अघि सारेको छ । बानियाँका अनुसार तयार विस्तृत परियोजना प्रतिवेदनमा सूचना केन्द्र, विद्यमान मूर्तिको संरक्षण, थप कलाकृति, बाल उद्यान, चित्रकला प्रदर्शनीस्थललगायत संरचना समेटिएका छन् । करिब रु २३ करोड लागत अनुमान गरिएको उक्त योजनाले मूर्तिकला क्षेत्रलाई व्यवस्थित पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखेको उनी बताउँछन् ।

गुम्बा डाँडाको सम्भावना पर्यटनमा मात्र सीमित छैन । भुजेल यसलाई कला विद्यार्थी र अनुसन्धानकर्ताका लागि स्रोत केन्द्र बनाउन सकिने देख्छन् । केही विद्यार्थीले यहाँका कृतिमाथि शोध गर्न चासो देखाइसकेको उनी बताउँछन् । भविष्यमा कलाकार आएर बस्न, सिर्जना गर्न र विभिन्न विधाका स्रष्टाले नियमित गतिविधि गर्न सक्ने 'लाइभ आर्ट हब' बनाउने उनको परिकल्पना छ । ठूलो अन्तर्राष्ट्रिय कार्यशाला सधैँ सम्भव नभए पनि नियमित रूपमा कलाकारलाई सिर्जनाका लागि आमन्त्रण गर्न सकिने उनको धारणा छ ।

यसका लागि नयाँ संरचना मात्र पर्याप्त हुँदैन । कार्यशालाको इतिहास, कलाकारका प्रारम्भिक स्केच, निर्माणका तस्विर, भिडियो, कृतिको व्याख्या र त्यसबेलाका सहभागीको अनुभवलाई एउटै डिजिटल अभिलेखमा जोड्न आवश्यक छ । त्यसो भए राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुसन्धानकर्ताले समेत गुम्बा डाँडालाई अध्ययनस्थलका रूपमा प्रयोग गर्न सक्छन् । मूर्ति जोगिएर पनि त्यसको अर्थ र इतिहास हरायो भने कला सम्पदाको एउटा महत्त्वपूर्ण हिस्सा हराउँछ ।

# गैँडाताल खानेपानी आयोजना उद्घाटन



कञ्चन । रुपन्देहीको गैँडहवा गाउँपालिका-४ गैडातालमा गैँडाताल खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले सञ्चालन गरेको खानेपानी आयोजना उद्घाटन गरिएको छ । आयोजनाको उद्घाटन गैँडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलले गरेका गरेका हुन् ।

योजनाको उद्घाटन गर्दै अध्यक्ष पौडेलले गैडहवाका नागरिकलाई स्वस्थ तथा स्वच्छ पिउने पानी उपलब्ध गराउनु गाउँपालिकाको अनिवार्य कर्तव्य र जिम्मेवारी भएको बताए । स्वस्थ पानी पिउन पाउनु प्रत्येक नेपाली नागरिकको नैसर्गिक अधिकार भएको उल्लेख गर्दै उनले 'वास प्लान'का आधारमा गाउँपालिकाका सबै वडा तथा टोलमा खानेपानीको पहुँच सुनिश्चित गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय भइरहेको जानकारी दिए ।

कार्यक्रमका विशिष्ट अतिथि तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुपन्देहीका कार्यालय प्रमुख प्रकाश के.सी.ले खानेपानी आयोजना सम्पन्न गर्न संघ, प्रदेश र स्थानीय सरकारसँगै उपभोक्ताहरूले गरेको लगानी तथा सक्रियताको प्रशंसा गरेका थिए । आयोजना निर्माण सम्पन्न हुँदैमा यसको दिगोपना सुनिश्चित नहुने भन्दै उनले प्रत्येक उपभोक्ताको घरमा धारा जडान गरी खानेपानीको पूर्ण उपयोग गर्न उपभोक्ताहरूलाई उत्साहित गर्नुपर्नेमा जोड दिए ।

गैँडहवा गाउँपालिका-४ का वडाध्यक्ष सुरेन्द्र सिंह कुर्मीले वडावासीलाई स्वच्छ पिउने पानीको अधिकार सुनिश्चित गर्नु वडाले अनिवार्य जिम्मेवारीका रूपमा लिँदै आएको बताए । खानेपानीको पहुँच विस्तारका लागि निरन्तर पहल गरिने वडा अध्यक्ष कुर्मीले प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमको अध्यक्षता गर्दै गैँडाताल खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका अध्यक्ष ईश्वरी अधिकारीले आयोजना सञ्चालनको सुरुवातदेखि उपभोक्ताको घरसम्म धारा जडान गर्ने कार्यसम्म आर्थिक, भौतिक, नैतिक तथा विभिन्न प्रकारका सहयोग र सल्लाह दिने सबैप्रति आभार व्यक्त गरेका थिए । अध्यक्ष अधिकारीले आयोजनाको लक्ष्यअनुसार अधिकतम उपभोक्ताको घरमा धारा जडान गर्न विशेष योजना सञ्चालन गरिने बताउदै त्यसका लागि संघीय, प्रदेश तथा स्थानीय सरकारबाट थप सहयोग र सहकार्यको अपेक्षा रहेको उनको भनाइ रहेको थियो ।

कार्यक्रममा युवा राजनितीकर्मी चन्द्र प्रकाश घर्ती (काशीराम) र संस्थाका सचिव टंकबहादुर बस्नेतले पनि खानेपानी आयोजनाको महत्व तथा यसको दीगो सञ्चालनका विषयमा धारणा राखेका थिए ।

संस्थाका उपाध्यक्ष बाबुराम मल्लले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको सञ्चालन सूर्यप्रसाद अधिकारीले गरेका थिए ।

आयोजनाअन्तर्गत निर्माण गरिएको ओभरहेड ट्यांकीको क्षमता २ लाख २५ हजार घनलिटर रहेको छ । उक्त आयोजनाबाट करिब १ हजार ५ सय घरधुरीलाई पर्याप्त खानेपानी उपलब्ध गराउने लक्ष्य राखिएको संस्थाले जनाएको छ । उक्त योजना २०७६ भदौ देखि शुरु भएको थियो ।

**जलवायु...**

हिमाली क्षेत्रमा हिमपहिरोसँगै हिउँहुरीको प्रकोप पनि कम छैन । पछिल्लो १४ वर्षमा भएका १० वटा ठुला हिउँहुरीमा परेर १७ जनाले ज्यान गुमाइसकेका छन्, जसमा धेरैजसो पदयात्री र स्थानीय गोठालाहरू छन् । यस तथ्याङ्कले मानवीय क्षतिको दर्दनाक तस्बिर मात्र देखाउँदैन, बरु नेपालको हिमाली अर्थतन्त्रको मुख्य खम्बा मानिने पर्यटन व्यवसाय र पर्वतारोहण क्षेत्र कसरी क्रमिक रूपमा असुरक्षित बन्दै गइरहेको छ भन्ने सङ्केत पनि गर्छ । सन् २०७८ सालमा मेलम्चीमा आएको विनाशकारी बाढीले हिमाली क्षेत्रमा भएको वातावरणीय परिवर्तनले तल्लो तटीय क्षेत्रमा कस्तो प्रलय ल्याउन सक्छ भन्ने कुरा यसअघि नै प्रमाणित गरिसकेको थियो ।

**४७ तालहरू विस्फोटको जोखिममा**

प्राधिकरण र इसिमोडको संयुक्त अध्ययन अनुसार नेपालका मुख्य नदी प्रणालीहरू कोशी, गण्डकी र कर्णाली जलाधार क्षेत्रमा कुल ३ हजार ६ सय २४ वटा हिमताल छन् । तीमध्ये ४७ वटा तालहरू यस्ता छन्, जुनसुकै बेला विस्फोट हुन सक्ने र तिनलाई 'अति उच्च जोखिम'को सूचीमा राखिएको छ । अझ चिन्ताको विषय के छ भने यी ४७ जोखिमयुक्त तालमध्ये २५ वटा चीनको तिब्बत क्षेत्रमा अवस्थित छन् । यदि तिब्बतमा रहेका ती ताल फुटे त्यसको प्रत्यक्ष र विनाशकारी असर नेपालका भोटेकोशी, सुनकोशी, तामाकोशी र त्रिशूली जस्ता नदी किनारका ३ हजारभन्दा बढी घरमा पर्ने सुनिश्चित छ । यी तटीय बस्तीहरू अहिले प्राकृतिक विष्फोटकको सिधा मार्गमा रहेका छन्, तर तिनलाई बचाउने वा पूर्वसूचना दिने प्रभावकारी संयन्त्रको अझै अभाव देखिन्छ ।

जोखिम केवल ठुला र पहिचान भएका हिमतालहरूबाट मात्रै छैन भन्ने कुरा पछिल्लो समय हिमनदीको सतहमाथि बन्ने अस्थायी 'सुप्रा ग्लेसियल' तालहरूको व्यवहारले देखाएको छ । सोलुखुम्बुको थामेमा गत वर्ष आएको आकस्मिक बाढी यस्तै प्रकृतिको थियो । तापक्रम वृद्धिका कारण हिमनदीको सतहमा साना-साना पोखरीहरू बन्ने र ती एकापसमा जोडिएर अचानक फुट्दा तल्लो क्षेत्रमा ठुलो लेदोसहितको बाढी आउने गरेको छ । नेपालका ३ हजारभन्दा बढी घरहरू यस्ता अस्थायी तालहरूको सिधा जोखिम रेखाभित्रै पर्छन्

विज्ञहरूका अनुसार विगत पल्टाएर हेर्ने हो भने नेपालमा हिमपहिरो र हिमाली विपद्को जोखिम पछिल्ला दशकहरूमा झनै तीव्र गतिले बढेको पाइन्छ । 'जर्नल अफ टुरिजम एण्ड हिमालय एड्भेन्चर' मा प्रकाशित प्रतिवेदन अनुसार सन् १९२२ देखि २०२० सम्मको एक शताब्दीमा ६० वटा ठुला हिमपहिरोबाट मात्रै ३७२ जनाको ज्यान गएको छ । पछिल्लो समय हिमताल विस्फोटको घटनाहरू बढ्न थालेका हुन् ।

राष्ट्रियसभाको दिगो विकास उपसमितिले तयार पारेको 'जलवायु परिवर्तनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' ले झनै डरलाग्दो तथ्य उजागर गरेको थियो । डा. अन्जान शाक्य संयोजकत्वको उपसमितिले नेपालले अहिले वातावरणीय मात्र नभई आर्थिक र मानवीय क्षेत्रमा समेत 'बहुआयामिक संकट' भोगिरहेको निष्कर्ष निकालेको छ ।

काठमाडौँ विश्वविद्यालयका हिमताल तथा हिमनदीविज्ञ रिजनभक्त कायस्थका अनुसार विगत केही वर्षयता नेपालका हिमाली क्षेत्रहरूमा प्रकृतिले आफ्नो स्वरूप नाटकीय रूपमा बदल्न थालेको छ । विगतमा केवल सौन्दर्यको प्रतीकका रूपमा हेरिने हिमालहरू आज विभिन्न प्राकृतिक विपदका स्रोत बन्दै गएका छन् । २०७८ सालको मेलम्ची बाढीदेखि अहिलेसम्म आइपुग्दा नेपालले थुप्रै साना-ठुला हिमपहिरो र हिमताल विस्फोटका घटनाहरू भोगिसकेको छ । अहिले जोखिमको स्वरूप परिवर्तन भई हिमनदीभित्रै रहेका साना-साना पोखरीहरू र हिमनदीको सतहमा जमेका पानीहरू झन् खतरनाक साबित भइरहेका छन् ।

तापक्रम वृद्धिका कारण हिमनदीभित्रका प्राकृतिक पाइपजस्ता संरचना अर्थात् 'इन-ग्लेसियर च्यानल' हरू तातेर ठुला हुन्छन् र तिनले एकैपटक धेरै पानी तल पठाउँदा तल्लो तटीय क्षेत्रमा विनाश निम्तने गर्छ । रसुवा र मुस्ताङमा देखिएका बाढीका घटनाहरू यसकै परिणाम हुन् । हिमाली क्षेत्रको तापक्रम विश्वको औसत तापक्रम वृद्धिभन्दा झन्डै तीन गुणा बढी दरले बढिरहेको छ । हिमनदीमा रहेको हिउँ र बरफको तापक्रम सामान्यतया शून्यदेखि माइनस ५ डिग्री सेल्सियसको आसपास हुने गर्छ, तर जब तापक्रम सामान्य रूपमा बढ्छ, बरफहरू तीव्र गतिमा पग्लिन थाल्छन् र भित्र थुप्रिएको पानी एकैपटक बाहिर निस्कन्छ ।

दुर्गम स्थानमा रहेका हिमनदी र तिनको आकारमा भइरहेको परिवर्तनको जानकारी हरेक हप्ता वा हरेक दिन अद्यावधिक हुन जरुरी रहेको कायस्थको तर्क छ । विशेषगरी मनसुनको समय र तापक्रम बढ्ने बैशाखदेखि भदौसम्म यसलाई अझ बढी सक्रिय बनाइनुपर्छ ।

जलवायु परिवर्तनको मुख्य कारण मानवीय गतिविधि मानिएको छ । कोइला, पेट्रोलियम र ग्यासजस्ता जीवाश्म इन्धनको अत्यधिक प्रयोग, उद्योगबाट हुने हरितगृह ग्यास उत्सर्जन, वन विनाश, तीव्र सहरीकरण, सवारीसाधनको बढ्दो प्रयोग तथा कृषि र पशुपालनबाट निस्कने मिथेन ग्यासका कारण वायुमण्डलमा कार्बन डाइअक्साइड र अन्य हरितगृह ग्यासको मात्रा बढिरहेको वैज्ञानिकहरूको निष्कर्ष छ । यी ग्यासले पृथ्वीको ताप बाहिर जान नदिई तापक्रम वृद्धि गराउँछन् ।

**जलवायु...**

यसको तुलनामा संयुक्त राज्य अमेरिकाले सन् २०२४ मा ४ अर्ब ९० करोड मेट्रिक टन (प्रतिव्यक्ति १४.२ मेट्रिक टन) र चीनले १२ अर्ब ३० करोड मेट्रिक टन (प्रतिव्यक्ति ८.६ मेट्रिक टन) कार्बन उत्सर्जन गरेका थिए ।

'नगण्य उत्सर्जनका बाबजुद नेपाल विश्वकै सर्वाधिक जलवायु जोखिमयुक्त देशको सूचीमा परेको छ, गरिबी र कृषिमाथिको निर्भरताले यो स्थिति झनै जटिल बनेको छ,' चौधरीले भने-'नेपालको जलवायु योजना १.५ डिग्री सेल्सियससँग अनुकूल छ, जसको अर्थ यो औद्योगिकीकरण पूर्वको स्तरभन्दा तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने पेरिस सम्झौताको लक्ष्यसँग मेल खान्छ ।'

जलवायु परिवर्तनले पशुपन्छी र वन्यजन्तुलाई पनि प्रत्यक्ष असर गरिरहेको छ । 'तापक्रम र वर्षाको ढाँचा बदलिँदा चराचुरुङ्गी तथा वन्यजन्तुको बसोबास र प्रजनन चक्र प्रभावित भएको छ,' चौधरीले भने-'धेरै प्रजाति नयाँ बासस्थान खोज्न बाध्य भएका छन् भने कतिपय दुर्लभ प्रजाति लोप हुने जोखिममा पुगेका छन् ।'

कृषि क्षेत्र पनि जलवायु परिवर्तनबाट प्रभावित बनेको चौधरीले बताए । अनियमित वर्षा, लामो खडेरी, अत्यधिक वर्षा र बढ्दो तापक्रमका कारण बाली उत्पादन घट्ने, खाद्य सुरक्षामा चुनौती थपिने तथा किसानको आम्दानीमा प्रतिकूल असर पर्ने अध्ययनहरूले देखाएका छन् । विकसित देशहरूका तुलनामा नेपालले हरितगृह ग्यास नगण्य मात्रामा निकाले पनि, नेपालमा जलवायु परिवर्तनका असर ठूलो मात्रामा र नकारात्मक प्रभावहरू देखिन थालिसकेका छन् ।

जलवायु परिवर्तनले विश्वको समग्र वातावरणीय अवस्थामा परिवर्तन ल्याई प्राणीजगत्मा नकारात्मक असर पार्ने हुनाले यस्ता असरहरूको निराकरणका लागि आ-आफ्ना तर्फबाट पहल गर्नुपर्ने समय आइसकेको छ ।

बुधबारको बाढीलाई आठ दलको बैठकले समेत जलवायु परिवर्तनका कारण निम्तिएको संकट ठहर गरेको छ । हिमाली क्षेत्रमा बढ्दै गएको हिमताल विस्फोट तथा अस्वाभाविक बाढीको जोखिमलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउँदै नेपालले भोगेको 'हानि र नोक्सानी'का लागि अन्तर्राष्ट्रिय समुदायको दायित्व सुनिश्चित गर्न ८ दलले सरकारलाई आग्रह गरेका छन् ।

**नक्कलीले ...**

कतिपय पूजा सामग्रीले उद्योगबाट थोरै परिमाणमा वैदिक जनै खरिद गर्ने अनि आफैंले अवैध ढंगले तयार गरेको नक्कली जनैलाई समेत शास्त्रिय र वैदिक भन्दै बिक्री गरिरहेको शर्माको दाबी छ ।

आफूले उद्योग सञ्चालन गरेपछि पण्डित र पुरोहितहरुले समेत जनै र रक्षाबन्धन बनाउन छाडेकामा पनि शर्मा चिन्तित छन् । 'मेरो उद्योग बन्द भएमा सक्कली जनै र रक्षाबन्धन नै हराउने हो कि भन्ने चिन्ता लागेको छ, त्यसैले पण्डित र पुरोहितहरुले आफ्ना उत्तराधिकारीलाई वैदिक र शास्त्रीय जनै तथा रक्षाबन्धन बनाउने सीप हस्तान्तरण गर्नुपर्छ, यसतर्फ राज्यको पनि ध्यान जाओस् ।' शर्माको उद्योगले उद्योग विभागबाट उत्कृष्ट जनै उद्योगको पुरस्कार समेत जितेको छ ।

## आवश्यक कागजात हराएको सूचना

मेरो निम्न व्यहोरा भएको +२ को माइग्रेशन, प्रोभिजनल, ट्रान्सकिप यही मिति २०८३ असार २९ गते गुल्मीदेखि बुटवल आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी चौकीमा वा सम्बन्धित नम्बरमा सम्पर्क गरिदनु हुन अनुरोध गर्दछु

| | |
|---|---|
| **नामः** | **शोभा घर्ती** |
| **ठेगानाः** | **धुर्कोट-३, गुल्मी, हाडहाडे** |
| **रजिष्ट्रेशन नम्बर :** | **८१५४६०६६००२७** |
| **सम्पर्क नं. :** | **९८६७२३६०१५** |

## सुपादेउराली केवलकार प्रा.लि.

**पिङ्गलास्थानः का.म.न.पा.८, काठमाडौं**

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका, वडा नं. ७ मा सुपादेउराली केवलकार प्रा.लि. द्वारा सुपादेउराली केवलकार आयोजना निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण नियमावली २०७७ को नियम ४ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम निम्नानुसार हुने हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

| | |
|---|---|
| मिति | २०८३/०५/१५ गते, सोमबार |
| समय तथा स्थान | बिहान ९.३० बजे, सन्धिखर्क नगरपालिका वडा नं. ७ (आयोजना निर्माण स्थल, पञ्चासे क्षेत्र) |

**आयोजक**

**सुपादेउराली केवलकार प्रा.लि.**

**बागती प्रदेश, काठमाडौं, जिल्ला का.म.न.पा.वडा नं. ८**

**सम्पर्क नं. ९८५१०३०८९०**

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

**प्रो. रामशाह शाहानी**



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



**नमूना निर्माण गरिएको जितगढी किल्लाः**
डडेल्धुराको सदरमुकाम अगरगढी नगरपालिका-५, खलङ्गास्थित अमरगढी किल्ला परिसरमा नमूना निर्माण गरिएको लुम्बिनीको ऐतिहासिक जितगढी किल्ला। यहाँ अमरगढी किल्ला अवलोकन गर्न आउने पर्यटकले जितगढी किला पनि अवलोकन गर्न पाउनेछन्। उक्त किल्ला नेपाली सेनाको आन्तरिक कोषबाट निर्माण गरिएको हो । तस्विरः रासस

# बाढीपीडितका लागि तिलोत्तमाद्वारा ४० लाख सहयोग




बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिकाले रसुवाको भोटेकोसी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि करिब ४० लाख रुपैयाँ बराबरको सहयोग गर्ने निर्णय गरेको छ । नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठकले नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २५ लाख रुपैयाँ जम्मा गर्ने तथा नगरका जनप्रतिनिधि र कर्मचारीको तीन दिनको सुविधा तथा पारिश्रमिक बराबरको करिब १५ लाख गरी कूल ४० लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको हो ।

नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठकपछि तिलोत्तमा नगरपालिकाले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै पीडितको उद्धार, राहत र सुरक्षित पुनर्मिलनका लागि सहयोग गर्ने निर्णय गरिएको हो ।

नगर प्रमुख रामकृष्ण खाँणले विपद्मा परेका नागरिकलाई स्थानीय सरकारको तर्फबाट सक्दो सहयोग गर्नु आवश्यक रहेकाले उद्धार, राहत र पुनर्स्थापनाका लागि स्थानीय सरकारको तर्फबाट सक्दो सहयोग गरिएको बताए ।

उप-प्रमुख जगेश्वरदेवी चौधरीले विपद्का बेला राहत र उद्धारलाई प्रभावकारी बनाउन सबै तहका सरकार तथा नागरिकबीच सहकार्य आवश्यक रहेको बताइन् ।

भविष्यमा यस्ता प्राकृतिक विपद्को जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनलाई थप प्रभावकारी बनाउने नगरपालिकाले जनाएको छ । त्यसका लागि पूर्वसूचना प्रणाली, प्रविधिको प्रयोग, जोखिमयुक्त क्षेत्रको पहिचान तथा समुदायस्तरमा विपद् सचेतना अभिवृद्धिमा जोड दिने विज्ञप्तिमा उल्लेख छ ।

नगरपालिकाले विपद् व्यवस्थापनमा तीनै तहका सरकारबीच प्रभावकारी समन्वय आवश्यक रहेको भन्दै विपद्को पूर्वतयारी र जोखिम न्यूनीकरणमा सबै पक्षको ध्यानाकर्षण गराएको छ । साथै शोकलाई शक्तिमा, पीडालाई सहकार्यमा र विपद्लाई सुरक्षित भविष्य निर्माणको अवसरमा रूपान्तरण गर्न नेपालीबीच एकता, सहयोग र सहकार्यको भावना अझ बलियो बनाउनुपर्नेमा जोड दिएको छ ।

भदौ १० गते बुधबार बिहान करिब ९ः१५ बजे रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट ठूलो मानवीय तथा भौतिक क्षति भएको थियो ।

नगरपालिकाले विपद्को पीडा प्रभावित परिवारको मात्र नभई सम्पूर्ण राष्ट्र र नेपाली समाजकै साझा पीडा भएको भन्दै स्थानीय सरकारका रूपमा प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउनु आफ्नो मानवीय तथा सामाजिक दायित्व भएको जनाएको छ ।

# बाढीपीडितलाई मासु व्यवसायी संघको ५१ हजार सहयोग

बुटवल । मासु व्यवसायी संघ नेपाल, रुपन्देहीले रसुवामा बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि ५१ हजार रुपैयाँ सहयोग गरेको छ ।

संघको पाँचौं बोर्ड बैठकले बाढी पीडितका लागि उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

संघका अध्यक्ष विशाल थापाले विपद्को समयमा पीडितको साथमा उभिनु सबैको सामाजिक दायित्व भएकाले संघको तर्फबाट ५१ हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको बताए ।

अध्यक्ष थापाले व्यवसायिक गतिविधिसँगै मानवीय तथा सामाजिक सेवामा समेत संघले आफ्नो भूमिका निरन्तर अघि बढाउने बताए ।

संघको पाँचौं बोर्ड बैठकले व्यवसायीका समस्या, संघको आगामी गतिविधि तथा सामाजिक उत्तरदायित्वका विषयमा समेत छलफल गरेको महासचिव थानिश्वर सुवेदीले जानकारी दिए ।

# राष्ट्रपति पौडेलले एक महिनाको तलब दिने



बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले रसुवा बाढीपीडित उद्धार तथा राहत कोषमा एक महिनाको पारिश्रमिक प्रदान गर्ने भएका छन् ।

राष्ट्रपति पौडेलले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक महिनाको पारिश्रमिक प्रदान गर्ने भएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

राष्ट्रपतिको कार्यालयले बिहीबार एक विज्ञप्ति जारी गरेर उक्त कुराको जानकारी दिएको छ ।

# रसुवामा लुम्बिनीका ९७ जना अझै सम्पर्कविहीन

बुटवल । रसुवा जिल्लामा आएको भीषण बाढी तथा पहिरोपछि लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट कामको सिलसिलामा रसुवा पुगेका ९७ जना अझै सम्पर्कविहीन रहेका छन् । सुरुमा सम्पर्कबाहिर रहेका १०१ जनामध्ये चार जना परिवारको सम्पर्कमा आएका छन् ।

लुम्बिनी प्रदेश सरकारका अनुसार रसुवा विपद्मा परी सम्पर्कबाहिर रहेका नागरिकको खोजी तथा उद्धारका लागि आवश्यक पहल भइरहेको छ । प्रदेश सरकारले सम्बन्धित निकायसँग समन्वय गरी सम्पर्कविहीन व्यक्तिको अवस्था पहिचान तथा खोजी कार्यलाई प्रभावकारी बनाउन पहल गरिरहेको जनाएको छ ।

मुख्यमन्त्री चेतनारायण आचार्यले विपद्मा परी सम्पर्कबाहिर रहेका नागरिकको खोजी कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई आग्रह गरेका छन् । उनले सम्पर्कविहीन नागरिकको खोजी तथा उद्धारलाई प्राथमिकतामा राखेर आवश्यक समन्वय र सहकार्य गर्न सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

प्रदेशको आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयअन्तर्गतको विपद् व्यवस्थापन शाखाका अनुसार सम्पर्कविहीन हुनेमा सबैभन्दा धेरै रुपन्देहीका २५ जना रहेका छन् । त्यसपछि दाङका १५, रोल्पाका १४, अर्घाखाँचीका ९, बर्दियाका ८, गुल्मीका ६, नवलपरासी पश्चिमका ६, पाल्पाका ५, प्यूठानका ५ र कपिलवस्तुका ४ जना रहेका छन् ।

सम्पर्कविहीन भएकाहरू विभिन्न जलविद्युत् आयोजना, निर्माण तथा अन्य कामका लागि रसुवा पुगेका थिए । केही सरकारी सेवामा कार्यरत तथा घुम्नका लागि रसुवा पुगेका व्यक्तिहरू पनि सम्पर्कबाहिर रहेको विवरणमा उल्लेख छ ।

मन्त्रालयको विपद् व्यवस्थापन शाखाले सम्पर्कमा आएका व्यक्तिको विवरण अद्यावधिक गर्दै जाने जनाएको छ । थप विवरण प्राप्त हुने क्रम जारी रहेकाले सम्पर्कमा आउने व्यक्तिको संख्या बढ्न सक्ने जनाइएको छ ।

# फेरि बाढी आउन सक्ने चीनको चेतावनी



बुटवल । चीनको जलस्रोत मन्त्रालयले नेपाल नजिक छोचेन खोला र पुरेपू त्साङ्पो नदीको संगम छेउमा ठूलो ताल बनेको जनाएको छ ।

छोचेन खोला र पुरेपु त्रिशूली नदी अन्तर्गतका माथिल्ला सहायक नदीको रुपमा चिनिन्छ ।

यी नदीहरू चीनको तिब्बत स्वायत्त क्षेत्रमा उद्गम भई बग्ने र नेपाल प्रवेश गरेपछि त्रिशूली नदीका मुख्य स्रोत/शाखा बन्ने गर्छन् । तिब्बतबाट बगेर आउने पुरेपु र छोचेन खोला नेपालको रसुवागढी नजिक प्रवेश गरेपछि भोटेकोशी/त्रिशूली नदी प्रणालीमा गाभिन्छन् । बिहीबार बिहानसम्म उक्त तालमा करिब २० लाख घनमिटर पानी जम्मा भएको र तालबाट पानी बाहिरिन थालिसकेको बताइएको छ ।

आगामी तीन दिनमा थप ३० लाख घनमिटर पानी तालमा जम्मा हुने अनुमान गरिएको छ । जसका कारण तालको बाँध फुट्ने उच्च जोखिम रहेको चीनको केन्द्रीय टेलिभिजनले बिहीबार जनाएको छ ।

सम्भावित बाँध फुट्ने घटनाको तयारी गर्न र आपत्कालीन उद्धार कार्यमा सहयोग पुयाउन चीनको जलस्रोत मन्त्रालयले तालको अवस्थालाई नजिकबाट निगरानी गरिरहेकोको ग्लोबल टाइम्सले लेखेको छ ।

सम्भावित बाँध फुटेपछि आउने बाढीको अवस्था अनुमान गर्न बाढीसम्बन्धी विश्लेषण पनि गरिरहेको छ ।

# रूपन्देही व्यापार संघमा कर शिक्षा कार्यक्रम

बुटवल । रुपन्देही व्यापार संघमा पछिल्लो समय परिवर्तित कर नीति तथा करदाता प्रोत्साहन उपहार कार्यक्रम लगायतका विषयमा कर शिक्षा कार्यक्रम बिहीबार सम्पन्न भएको छ ।

कार्यक्रममा संघका अध्यक्ष प्रकाश ढकालले करसम्बन्धी नीतिमा हुने परिवर्तनबारे व्यवसायीलाई समयमै जानकारी गराउनु आवश्यक रहेको भन्दै कर प्रशासन र व्यवसायीबिचको सहकार्यले कर प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुग्ने बताए । कर प्रणालीमा सुधार, वित्तीय सुशासन र आर्थिक पारदर्शिता कायम गर्ने सरकारको नीतिअनुरूप आन्तरिक राजस्व विभागले सञ्चालनमा ल्याएको 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' तथा परिवर्तित कर नीतिबारे व्यवसायीलाई जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले बताए ।

कार्यक्रममा संघका पूर्वअध्यक्ष श्रीकृष्ण पोखरेलले व्यवसायीका लागि कर शिक्षा कार्यक्रम महत्वपूर्ण रहेको बताए । उनले करसम्बन्धी नयाँ नीति तथा कानुनी व्यवस्थाबारे व्यवसायीलाई नियमित रूपमा जानकारी गराउन यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरे ।

कार्यक्रमका प्रमुख सहजकर्ता आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत प्रेमराज पोखरेलले पछिल्लो समय परिवर्तन भएका कर नीतिका विषयमा व्यवसायीलाई जानकारी गराएका थिए । उनले आन्तरिक राजस्व विभागले उपभोक्तामा वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा बिल/बीजक लिने बानीको विकास गराउने उद्देश्यले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम, २०८३' कार्यान्वयनमा ल्याएको जानकारी दिए । उनले एकपटकमा कम्तीमा १०० रुपैयाँ मूल्यको वस्तु तथा सेवा खरिद गर्ने उपभोक्तालाई सक्कली बिल दिन व्यवसायीलाई आग्रह गरे । उपभोक्तालाई बिल नदिने व्यवसायीलाई कारबाही हुने उनले बताए । सरकारले चालू आर्थिक वर्षको बजेटमार्फत घोषणा गरेको उक्त कार्यक्रमको मुख्य उद्देश्य कर प्रणालीमा पारदर्शिता ल्याउनु, कर अनुपालन बढाउनु तथा कर छली नियन्त्रण गर्नु रहेको उनले जनाए । यो कार्यक्रम सफल बनाउन व्यवसायी तथा उपभोक्ता सबैको साथ र सहयोग आवश्यक रहेकोमा पोखरेलले जोड दिए ।

यस्तै आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृत पर्शुराम पोखरेलले करसम्बन्धी डकुमेन्ट प्रस्तुत गर्दै व्यवसायीका विभिन्न जिज्ञासा तथा प्रश्नको जवाफ दिएका थिए । कार्यक्रममा सहभागि व्यवसायीहरुले विभिन्न जिज्ञासा तथा प्रश्नबारे जानकारी पाएकोमा खुसी व्यक्त गरे ।

संघका वरिष्ठ उपाध्यक्ष दयानिधी भण्डारीको धन्यवाद ज्ञापन तथा महासचिव प्रकाशराज पौडेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/ अफसेट प्रेस
सम्पर्कः बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com